जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१
तराई मधेशको लोकप्रिय पत्रिका
# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३६ पृष्ठः ४ | २०८२ जेठ १० गते शनिबार (Saturday 24 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## एकै प्रकृतिको घटनामा शिक्षकमाथि विभेद भएको प्रति एकीकृत शिक्षक संगठनको आपत्ती

सिरहा, ९ जेठ। एकीकृत अखिल नेपाल शिक्षक संगठनले जनता माध्यमिक विद्यालय ( प्राविधिक) गोलबजार ४ का प्रधानाध्यापक भरतप्रसाद साहमाथि ठाडो आदेशको भरमा लामो समयसम्म जिम्मेवारीबाट हटाएको प्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ। पालिकाले एकपक्षीय र पूर्वाग्रही ढंगले जिम्मेवारीबाट पदमुक्त गराई लामो समयसम्म नगरपालिकाको कार्यालयमा हाजिरी गराएको प्रति संगठनले खेद प्रकट गरेको हो।

एकीकृत अखिल नेपाल शिक्षक संगठन गोलबजार नगर समितिले शुक्रवार जारी गरेको प्रस विज्ञप्तीमा प्रशासनिक तथा कानुनी प्रकृया नअपनाई शिक्षकमाथि ठाडो आदेश जारी गर्नु शिक्षा क्षेत्रको मर्यादा, शिक्षकको गरिमा तथा निष्पक्षताको मर्मविपरीत कार्य भन्ने हाम्रो ठहर छ। त्यसमाथि समान प्रकृतिका मुद्दामा यसै पालिकाका अन्य प्रधानाध्यापकमाथि कुनै कारबाही नगरिएको पाइँदा उक्त निर्णयको निष्पक्षतामा र समान व्यवहारप्रति गम्भिीर प्रश्न उठेको छ उल्लेख गरेको छ।

जनता माध्यमिक विद्यालय ( प्राविधिक) गोलबजार ४ का प्रधानाध्यापक भरतप्रसाद साहलाई विद्यालयमा कार्यरत शिक्षक कामविशेष विदेशले गएको समयको तलव भत्ता निकासा गरेर हिनामिना गरेको आरोप लागेको छ। यस्तै प्रकृतका घटना जनता माध्यमिक विद्यालय, गोलबजार ८ चन्द्रलालपुर चोहर्वामा पनि भएको छ। त्यस विद्यालयका बाल विकासका सहयोगी कार्यकर्ता कामविशेषले अमेरीका गएको समयको पनि तलव निकाशा भएको छ। तर, यस विद्यालयका प्रधानाध्यपक ब्रम्हदेव प्रसाद सिंहलेभने उन्मुक्ति पाएको छ।

त्यसैगरी, जनता माध्यमिक विद्यालय, गोलबजार १२ महनौर बेतौनामा बरिष्ठ माध्यमिक तहका शिक्षकहरुले प्रधानाध्यापक पदमा नरहने प्रतिबद्धता जनाई सकेपछि मा.वि. तृतीय श्रेणीका शिक्षक राम किशुन महतोलाई विद्यालय व्यवस्थापन समितिले प्रअको जिम्मेवारी दिएको छ। सोको निर्णय प्रतिलिपी शिक्षा, युवा तथा खेलकुद शाखा, गोलबजारमा पेश गर्दा पनि विद्यालयलेको खाता संचालन गर्न ढिलासुस्ती गरेको भन्दै शिक्षक संगठनको गम्भिर ध्यानाकर्षण भएको छ।

संगठनले यस प्रकारको विभेदपूर्ण र अनुचित व्यवहारको घोर भर्त्सना र यस विषयमा यथासिघ्र निष्पक्ष छानबिन गरी सम्बन्धित शिक्षकहरुलाई यथोचित न्याय दिनुपर्ने माँग गरेको छ अन्यथा संघर्षमा जाने चेतावनीसमेत दिएका छन्।

## रवि लामिछानेलाई थुनामा राख्ने आदेश सर्वोच्चबाट सदर

काठमाडौं, ९ जेठ। सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्व गृहमन्त्री रवि लामिछानेलाई थुनामा राख्ने उच्च अदालत बुटवल इजलासको आदेश सदर गरेको छ। न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले शुक्रवार लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने उच्च अदालत तुलसीपुर बुटवल इजलासको आदेश कानुनसम्मत रहेको ठहर गर्दै उल्ट्याउन नपर्ने निर्णय सुनाएको हो। गत वैशाख ७ गते लामिछानेका तर्फबाट उहाँकी पत्नी निकिता पौडेलमार्फत दायर गरिएको बन्दी प्रत्यक्षीकरण रिटमा सुनुवाइ गर्दै सर्वोच्चको संयुक्त इजलासले थुनामुक्त गर्न नपर्ने आदेश दिएको जानकारी सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले दिनुभयो।

सुप्रिम सहकारी ठगीसम्बन्धी मुद्दामा लामिछानेविरुद्ध जिल्ला अदालत रुपन्देहीमा मुद्दा विचाराधीन अवस्थामा छ। अब जिल्ला अदालतले उक्त मुद्दामा सफाइ नदिएसम्म लामिछाने थुनामै रहनुपर्ने हुन्छ। उच्च अदालत बुटवल इजलासको आदेशका कारण लामिछाने पुर्पक्षका लागि थुनामा पर्नु भएको हो। अब सफाइ पाउन उहाँमाथि लगाइएको अन्य आरोपबाट समेत निर्दोष प्रमाणित हुनुपर्नेछ।

## सप्तरीमा सुरक्षागार्डकै कोठामा चोरी

सप्तरी, ९ जेठ। सप्तरीको खडक नगरपालिका–७ कल्याणपुर स्थित नेपाल बैंक लिमिटेडका सुरक्षागार्डकै कोठामा बिहीबार राति चोरी भएको छ। सुरक्षा गार्ड जिल्लाको शम्भुनाथ नगरपालिका–७ भगाहाका ३९ वर्षीय प्रमोद चौधरी र सोही ठाउँ वडा नम्बर–५ का ४४ वर्षीय पर्शुराम चौधरीको कोठामा चोरी भएको हो।

दुवैजना कोठामै सुतिरहेको बेला दराजबाट १२ बोरको एकनाले हतियार, सोमा लाग्ने २० राउन्ड गोली, दुई थान मोबाइल, डिजिटल तराजुसहितका सामान चोरी भएको एसपी ढकेन्द्र खतिवडाले जानकारी दिए। उनका अनुसार चोरी भएको घटनाबारे बिहान साढे ३ बजे इलाका प्रहरी कार्यालय कल्याणपुरमा जानकारी आउँदा अनुसन्धान सुरु थालिएको थियो। अनुसन्धानकै क्रममा बिहान पौने ४ बजेतिर सिराहाको लहान नगरपालिका–३ हस्पिटल चोकबाट चोरीका समानसहित एक जना युवकलाई पक्राउ गरिएको एसपी खतिवडाले बताए। ‘चोरी भएको सूचना पाएसँगै सप्तरीका सबै युनिटका साथै सिराहालाई पनि जानकारी गराएका थियौं, शंका लागेर चेकजाँच गर्दा जिल्लाको खडक नगपालिका–६ विसनपुरका २० वर्षीय अपसाद अन्सारीको साथबाट चोरीको समान


**–बाँकी दुई पेजमा**

## मधेश सरकारमा मन्त्रिपरिषद् पुनर्गठन : कुशवाहा र यादवको शपथ



काठमाडौं, ९ जेठ। मधेस सरकारमा मन्त्रिपरिषद् पुनर्गठन गरिएको छ। पुनर्गठित मन्त्रिषरिषदमा जनमत पार्टीका तर्फबाट वसन्तकुमार कुशवाहा र सञ्जय यादवले मन्त्रीका रूपमा हिजो पद तथा गोपनीयताको शपथ लिएको छ। प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नवनियुक्त मन्त्रीद्वयलाई शपथ गराउनुभएको छ। कुशवाहालाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी दिइएको छ भने यादवले वन तथा वातावरण मन्त्रालय सम्हालेको छ।

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## लु (तातोहावा) का असर र बच्ने उपाय

**‘लु’ का असर**
- थकाइ लाग्ने
- कमजोरी हुने
- बढी तिर्खा लाग्ने
- टाउको दुखे
- खुट्टा बाउँडिने
- रिङ्गटा लाग्ने
- बेहोस हुने
- मासंपेशी दुखे
- वान्ता हुने आदि।

**‘लु’ बाट बच्ने उपाय**
- प्रशस्त पानी तथा झोल पदार्थ पिऊँ
- शरीर कमजोर भएमा जीवनजल पिऊँ
- शितल छहारीमा बसौ
- घाम लागेको बेला खेतबारीमा काम नगरौं
- घाममा निस्कँदा छाता ओढौ
- अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौ
- मौसमी फलफूल र तिनको रस सेवन गरौ
- ‘ल’ लागेमा नजिकको स्वास्थ्य केन्ऽमा सम्पर्क गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सर्पदंशबाट बचौं

नेपालमा सर्पदंशबाट वर्षेनि तीन हजार जनाभन्दा धेरैले ज्यान गुमाउने गरेका डाक्टरले बताएका छन्। सर्पदंश रोकथाम अभियानमा लामो समयदेखि काम गर्दै आएका बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त उपकुलपति प्रा.डा.सञ्जिवकुमार शर्माका अनुसार नेपालमा वर्षनि ४० हजारभन्दा धेरै सर्पदंशको सिकार हुने गरेका छन्। त्यसमध्ये झन्डै ८० प्रतिशतले उपचार नपाएर ज्यान गुमाउनुपर्ने अवस्था छ। संख्यात्मकरुपमा तीन हजार भन्दा धेरै जनाले ज्यान गुमाउने गरेको पाइएको छ।

सर्पदंशबाट जोगिन आवश्यक सावधानी अपनाउनुपर्छ। सर्पले टोकिहालेमा तुरुन्त अस्पताल गएर उपचार गराउनुपर्छ। समयमा उपचार पाएको खण्डमा ज्यान जोगाउन सकिने डा.शर्माले बताए। सर्पदंश रोकथाम अभियानमा धामीझाँक्रीलाई पनि परिचालन गर्नुपर्ने डाक्टरको भनाइ छ। गाउँघरमा सर्पले डस्ने बित्तिकै धेरैजसो धामीझाँक्री कहाँ जाने गरेकाले सचेतना फैलाउन उनीहरुलाई परिचालन गर्नुपर्नेमा डा.शर्माको जोड छ। सर्पदंशबाट धेरैजसो महिला र बालबालिका प्रभावित हुने गरेका छन्। नेपालमा गोमन र करेत सर्पले सबैभन्दा बढी डस्ने गरेको छ। जनस्वास्थ्य समस्याका रुपमा रहेको सर्पदंश नेपालको तराई/मधेश क्षेत्रमा बसोबास गर्ने अतिविपन्न वर्गमा उच्च जोखिम छ।

विश्व वन्यजन्तु कोष नेपाल (डब्ल्यूडब्ल्यूएफ) का वन्यजन्तु जीवविज्ञान विज्ञ डा.शशांक पौडेलले जलवायु परिवर्तनले सर्पको बासस्थान परिवर्तन हुँदै गएको बताए। विपन्न वर्गका साथै जहाँ स्वास्थ्य सेवाको पहुँच कम छ भने सरसफाइको कमी छ। त्यस्तो ठाउँमा बढी सर्पदंशका घटना हुने गरेका डा.प्रकाश शाक्यले बताए। उनले पनि रोकथाम तथा जनचेतना अभियानमा धामीझाँक्रीलाई पनि परिचालन गर्नुपर्नेमा जोड दिएको छ। नेपाल चिकित्सक संघका अध्यक्ष डा.अनिलविक्रम कार्कीले अझै पनि सर्पदंशको उपचारबाट मानिस बञ्चित हुनुपरेको अवस्थमा सरकारले यो मौसमी समस्या भए पनि औषधिको उपलब्धता र स्वास्थ्य सेवाको पहुँचमा ध्यान दिनुपर्ने बताएको छ।

# आफ्नै भवन नहुँदा कार्य सम्पादनमा ट्राफिकलाई चुनौती

**प्रवीणकुमार शर्मा**

रौतहट, ९ जेठ। ट्राफिक प्रहरी कार्यालय गौरको भवन नहुँदा कार्यालयको काम-कारबाहीमा समस्या भएको छ। आफ्नो भवन नहुँदा ट्राफिक प्रहरीको बसोबास र कार्यालय सञ्चालनमा समस्या भएको हो। ट्राफिक व्यवस्थापनलाई चुस्त दुरुस्त राख्नुपर्ने कार्यालयले आफ्नै व्यवस्थापन गर्न नसक्दा काम कारबाहीमा असर परेको हो। ट्राफिक प्रहरीले हाल आएर गौर नगरपालिका-३ कार्यालयको भुइँ तल्लामा बसेर सेवा दिँदै आएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख प्रहरी निरीक्षक लोकेन्द्र अधिकारीले बताउनुभयो। कार्यालय सञ्चालन र वास बस्नका लागि गौर नगरपालिकाले एक हप्तादेखि वडा कार्यालय रहेको घरको भुइँ तल्लाको कोठा उपलब्ध गराएको जानकारी उहाँले दिनुभयो।

साविक डिभिजन सहकारी कार्यालयको भवनमा हाल गौर नगरपालिकाले-३ कार्यालय सञ्चालन गरी रहेको छ। बाहिरी आवरण रङरोगन गरेर चिटिक्क परेको भए पनि भित्रि भाग जीर्ण रहेको छ। ट्राफिक प्रहरीले चेकजाँचको क्रममा नियम विपरीत सञ्चालन भएका सवारीसाधन, चोरीका सवारीसाधन समातदा राख्ने ठाउँको समेत अभाव रहेको ट्राफिक प्रहरी कार्यालय गौरका प्रहरी सहायक निरीक्षक दिपेन्द्र झाको भनाइ छ।

भवन नहुँदा कार्यसम्पादनमा समेत समस्या भएको छ, कार्यालय भवन र बस्ने अभाव २०६३ सालदेखि ट्राफिक प्रहरी कार्यालय गौरले झेल्दै आइरहेको प्रहरी सहायक निरीक्षक झाले भन्नुभयो। गौरमा ट्राफिक प्रहरी कार्यालय स्थापना भएदेखि तीन ठाउँमा कार्यालय सार्नु परेको प्रहरी सहायक निरीक्षक झाले बताउनुभयो। जिल्ला हुलाक कार्यालयको भवनबाट सेवा दिइ रहेको कार्यालय अहिले आएर वडा कार्यालयमा सरेको छ। सामान्य वर्षा हुँदा समेत कोठामा पानी पस्ने ट्राफिक प्रहरीको पीडा यथावत रहेको छ। गौरमा नौ जना ट्राफिक प्रहरीको दरबन्दी रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ गौर नगरपालिकाले विगतका दिनमा जग्गा उपलब्ध गराउने प्रतिबद्धता गरे पनि हालसम्म कार्यान्वयन हुन नसकेको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी निरीक्षक अधिकारिले बताउनुभयो।

# राष्ट्रवादको फराकिलो आयाम

**शक्ति नेपाल**

अनेक मानिसको साझा विचार र स्वीकारोक्तिको समूह नै राष्ट्र हो। मान्छे विवेकले काम गर्छ, विवेकसम्मत भएर सोच्छ, विवेकशील भएर व्यवहार प्रस्तुत गर्छ। विवेकशील सोचको साझा धारणा, विश्वास, शैली, कर्म, त्याग, तपस्या, समर्पण, नैतिकता र आदर्शको मिलनविन्दु नै राष्ट्र हो। यसबारे अनेक समयमा अनेक ढंगले चर्चा, व्याख्या र अध्ययन भएका छन्। अर्नेस्ट रेनन (सन् १८८२) ले राष्ट्र के हो ? भन्ने प्रश्नलाई सम्बोधन गरी प्रसिद्ध निबन्ध लेखे। उनी आफैँ पनि एक स्वतन्त्र चिन्तक, अध्येता र कुशल प्राध्यापक थिए। रेनन स्वतन्त्र विचारक, धर्मशास्त्री र प्रतिष्ठित 'कलेज डे' फ्रान्सका प्राध्यापक भएका कारण पनि उनका विचार स्वतन्त्र ढंगले अभिप्रेरित देखिन्छन्। उनले राष्ट्रियताका आदर्शबारे हार्दिक ढंगले व्याख्या, भाषण तथा लेखन गर्दा अधिकांश अध्येताका लागि चर्चाको विषय बन्यो। उक्त राष्ट्रको विषय आजको नयाँ नेपालमा पनि विभिन्न कोणबाट चर्चाको विषय बनी शैक्षिक 'डिस्कोर्स' मा अति सामान्य व्याख्याको विषय बनेको छ।

राष्ट्रलाई माया गर्नेहरूलाई सोध्यो भने उनीहरूले राष्ट्र एक आत्मा हो भन्ने जवाफ दिन्छन्। राष्ट्रभन्दा परराष्ट्रमा आनन्द लिइरहेकालाई सोही प्रश्न सोध्यो भने यो त विश्वका नागरिकलाई विभाजन गर्ने कथित सीमारेखा हो भन्छन्। सोही विषयमा अध्ययन गरिरहेका अध्येतालाई सोध्यो भने यो एक अध्यात्म र आदर्शको विन्दु हो, कठिन परिस्थितिमा सम्झन पुग्ने अन्तरमनको विचार हो भन्छन्। अवसरवादीको सामाजिक सञ्जालको अभिव्यक्ति हेर्दा राष्ट्रका नागरिकलाई ढुँगी प्रवृत्तिको विकास गरी अल्मल्याउने भुलभुलैयाको विषय हो भन्ने देखिन्छ। यथार्थमा राष्ट्र भनेको भिन्नै विषय हो र त्यस्तै देखिन्छ।

हो, राष्ट्र भनेको नागरिकको आत्मा र अध्यात्मको विषय हो। यस विषयलाई रेनन (सन् १८८२) ले यी दुई आत्मा र अध्यात्म विषय एकै हुन् भन्दै जुन एउटै भएको र मानिसहरू मिलेर यो आत्मा वा आध्यात्मिक सिद्धान्त बनेको बताएका छन्। ती दुईमध्ये एउटाले विगतलाई प्रतिनिधित्व गर्छ भने अर्कोले वर्तमानलाई। एउटा स्मरणमा बाँच्ने धनी विरासतको साझा स्वामित्व हो भने अर्को वर्तमानको सहमति हो। यसर्थ यी दुवै सँगै बस्न चाहनु स्वच्छ राष्ट्रवाद हो। अनि आफूले प्राप्त गरेको सम्पूर्ण विरासतलाई निरन्तर रूपमा कदर गर्ने इच्छा पनि राष्ट्रिय भावना हो। हुन त मानिसले तत्कालै केही बनाउँदैन। मात्र अन्य व्यक्तिहरूसँग मिलेर बसी सामाजिक सम्बन्ध बनाउँछ। त्यस कारण राष्ट्र निर्माणको सुरुवात व्यक्तिको साझा धारणा र विश्वासको चरणबाट हुन्छ।

राष्ट्र भनेको एउटा व्यक्तिको जस्तै लामो समयदेखिको प्रयास, बलिदान र समर्पणले भरिएको अतीतको पराकाष्ठा पनि हो। हाम्रा पुर्खाहरूको मान्यता, विश्वास, कदर र पूजा सबैभन्दा सत्य विषय हो, किनकि उनीहरूले हामीलाई हामी जे हौँ, जे थियौँ त्यही बनाएका हुन्। हामी आफ्नो समय, उमेर र बेलामा जस्तो सोच्थ्यौँ, त्यस्तै बन्न दिएका हुन्। जे जे प्राप्त गर्यौँ त्यसलाई संरक्षण गर्न सिकाएका हुन्। जे जे गुमायौँ अझ धेरै गुम्न नदिन भनेका हुन्। तसर्थ इतिहासको एक वीर र साहसी व्यक्ति, अतीतको इतिहास, महान् व्यक्तिहरू, सच्चा गौरव र साझा मान्यता मानिसको सामाजिक पुँजी हो। सामाजिक पुँजीबाट राष्ट्र निर्माणको यात्रा सुरु हुन्छ।

एउटा व्यक्तिको अवस्थाले राष्ट्रलाई संकेत गरिरहेको हुन्छ। राष्ट्रमा देखिएको गरिब मानवताले कति धेरै दुःख पाइरहेको हुन्छ। राष्ट्रवादी विचारमा भने हामीले कति दुःख पायौँ भन्ने विचारले भन्दा राष्ट्रले कति दुःख पायो भन्ने विषय हावी हुन्छ। अतः असल राष्ट्रवादमा मानिसलाई अझै कति दुःख र पीडाले परीक्षा लिन पर्खिरहेका छन् भन्ने आकलन हुन्छ। व्यक्तिको बुद्धिले उसैलाई आफ्नो मार्गमा फालिएका अनगन्ती खतराबाट बचाउन मार्गदर्शन गरोस् भन्ने कामना गरिएको हुन्छ।

त्यस विषयमा रेनन (सन्१८८२) भन्छन्, "मानिस न आफ्नो जातिको दास हो, न आफ्नो भाषाको, न आफ्नो धर्मको, न नदीका मार्गको, न त पहाडी शृंखलाहरूका दिशाको। स्वस्थ मन र न्यानो हृदय भएका मानिसको ठुलो जमघटले एक नैतिक विवेक सिर्जना गर्छ," जसलाई हामी राष्ट्र भन्छौँ। जबसम्म यो नैतिक विवेकले समुदायको सेवामा व्यक्तिका त्यागको माग गर्छ, अनि व्यक्तिका त्यागलाई साझा बलिदानका रूपमा स्वीकार्छ, त्यो विवेक नै राष्ट्रको शक्ति हो। त्यसैले व्यक्तिले गर्ने बलिदानहरूले उसको राष्ट्रप्रतिको शक्तिको प्रमाण दिन्छन्। उक्त प्रमाणबाट नै उसले राष्ट्रमा आफ्नो प्रभाव कायम गर्न थाल्छ।

राष्ट्रका लागि बलिदान दिनेलाई अस्तित्वमा रहने अधिकार छ। सिमानामा शंका उत्पन्न भएमा, विवादित क्षेत्रका जनसंख्यासँग परामर्श गर्नु र उनीहरूलाई पनि त्यस मुद्दामा आफ्नो राय राख्ने अधिकार दिनु राष्ट्रवादी मान्यता हो। उक्त अभ्यासले राजनीतिक रूपले उत्कृष्ट व्यक्ति, अझ त्यो जान्नेबुझ्ने व्यक्ति, जो आफ्नो जीवन आफैँलाई धोका दिँदै बिताउँछन् र आफ्ना मान्यताबाट हाम्रा सांसारिक समस्यामा दया देखाउँछन्, तिनीहरूको ओठमा राष्ट्रवादी विचारले मुस्कान ल्याउँछ।

राष्ट्रवादको असल र सफल प्रयोगमा सर्वप्रथम फ्रान्स अगाडि आउँछ। किनकि ती फ्रान्सेली विचार छन्, जसले कूटनीति र युद्धलाई पनि सरल माध्यमद्वारा प्रतिस्थापन गर्ने दाबी गर्छन्। उनीहरू भन्छन्, "हामी पर्खौं, उत्कृष्ट व्यक्तिको शासन बित्न दिनुहोस्, शक्तिशालीको घृणालाई सहने बानी बसाल्नुहोस्। सायद धेरै निष्फल हातखुट्टा फालेपछि मानिस हाम्रा अनुभवजन्य समाधानतर्फ फर्कने छन्।" अतः भविष्यमा सही हुने तरिका भनेको निश्चित समयमा अप्रचलित हुन राजी हुनु पनि हो। फ्रान्सेलीको उक्त विचारले राष्ट्रप्रति आफ्नो लगाव प्रस्ट छ भने एक दिन मौका जोकसैको आउँछ, शासकले यसो गर्‍यो उसो गर्‍यो भनेर चिन्ता गर्नुभन्दा उनीहरूलाई सुझ्ने मौका दिनु र आफूले पर्खनु सबैभन्दा उत्तम विचार हो भन्ने विषयलाई केन्द्रमा राखेको छ।

### राष्ट्रको निर्माण कसरी हुन्छ ?

राष्ट्र कसरी बन्छ भन्ने प्रश्न निकै जटिल छ। इतिहासकार र समाजशास्त्री यस विषयमा फरक फरक विचार राख्छन्। कसैको विचारमा राष्ट्र भाषा, जाति, धर्म र संस्कृति जस्ता तत्वहरूले बन्छ। 'अर्नेस्ट रेनन' जस्ता विचारक राष्ट्रलाई एउटा आध्यात्मिक सिद्धान्त मान्छन्, जुन साझा इतिहास र सँगैसँगै बस्ने र बाँच्ने इच्छाबाट निर्माण हुन्छ। उक्त इच्छाले मूर्त रूप लिएपछि राष्ट्र बन्छ।

राष्ट्र निर्माणमा शासक, राजनीतिक विचारधारा र ऐतिहासिक घटनाहरूको पनि महत्वपूर्ण भूमिका हुन्छ। फ्रान्सको उदाहरण लिँदा त्यहाँका शासकले देशलाई एकताबद्ध गर्न र राष्ट्रिय पहिचान निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेका प्रमाण पाइन्छन्। अमेरिकामा पनि एकीकृत राष्ट्र निर्माणमा धेरै शासकले भूमिका खेलेको इतिहास देखिन्छ। नेपालमा पनि पृथ्वीनारायण शाहको इतिहासलाई राष्ट्र निर्माणको योगदानका रूपमा लिँदा फरक नपर्ला। यद्यपि त्यो प्रयासमा सिमानाको प्रभाव बढी थियो, आन्तरिक साझा तत्वका लागि त्यतिखेर सोचविचार नगरिएकै हो भन्न सकिन्छ।

### राष्ट्रको अवधारणामा नयाँ मोड

राष्ट्र एउटा आध्यात्मिक सिद्धान्त हो, जुन विगत र वर्तमान दुई तत्व मिलेर बनेको हुन्छ भन्ने अधिकांशका साझा मत छ। यसमा आफूमा भएका विरासतलाई निरन्तरता दिने चाहना जागृत स्वाभाविक हुन्छ। यसै परिप्रेक्ष्यमा आधुनिक राष्ट्रहरू इतिहासका पानामा नयाँ घटना हुन्। प्राचीन इजिप्ट, चीन जस्ता राष्ट्र इतिहासमा प्रभावशाली थिएनन्, तिनीहरू शासकद्वारा शासित थिए। फ्रान्सेली क्रान्तिपछि मात्रै राष्ट्रको अवधारणाले नयाँ रूप लियो, जहाँ राष्ट्र आफैँमा अस्तित्वमा आएको मानिन्छ।

### राष्ट्रवाद र यसका तत्व

राष्ट्रवादले मानिसलाई एकताबद्ध गर्छ। यसमा केही खतरा पनि छन्। यसले कहिलेकाहीँ जातीय द्वेष र अरूलाई हेप्ने भावना पनि ल्याउन सक्छ। राष्ट्र निर्माणमा भाषा, धर्म, भूगोल र साझा हित जस्ता तत्त्वले भूमिका खेल्छन्। यीमध्ये कुनै पनि तत्व पूर्ण राष्ट्र निर्माणका लागि पर्याप्त छैनन्। बरु साझा इतिहास, बलिदान र सँगैसँगै खाने, बस्ने र काम गर्ने इच्छा जस्ता विषयले राष्ट्र बलियो बनाउँछन्।

### राष्ट्र र राष्ट्रवाद

राष्ट्र र राष्ट्रवाद दुई यस्ता शब्द हुन्, जसलाई हामी अक्सर एकै अर्थमा प्रयोग गर्छौं। यी दुईमा धेरै भिन्नता देखिन्छ। राष्ट्र एउटा राजनीतिक र सामाजिक संरचना हो, जुन साझा भूगोल, भाषा, संस्कृति र इतिहासले जोडिएको हुन्छ। यो एक अमूर्त भावना हो, जसले मानिसलाई एकताबद्ध गर्छ र उनीहरूमा सामूहिक पहिचानको भावना जगाउँछ।

राष्ट्रवाद यही राष्ट्रप्रतिको गहिरो प्रेम र भक्ति हो। यो एउटा विचारधारा हो, जसले आफ्नो राष्ट्रलाई अरूभन्दा महान् ठान्छ र त्यसको हितलाई सर्वोपरि मान्छ। राष्ट्रवादले मानिसलाई आफ्नो राष्ट्रका लागि बलिदान दिन प्रेरित गर्छ र उनीहरूमा एकताको भावना विकास गर्छ। आफूभन्दा बढी प्राथमिकतामा राष्ट्रलाई राख्नु राष्ट्रवाद हो, राष्ट्रका लागि बलिदान दिन तयार हुनु राष्ट्रवादी मान्यता हो। अनि आफ्ना भाषा, जाति, वर्ग, समुदायसमेतको साझापनले विचार निर्माण गर्नु राष्ट्र निर्माणमा सहयोग गर्नु हो। त्यसका लागि समर्पित हुनुचाहिँ राष्ट्रवाद हो।

### राष्ट्रवादको प्रभाव

राष्ट्रवादले विश्वमा धेरै परिवर्तन ल्याएको छ। यसले देशहरूलाई एकताबद्ध गर्न र राष्ट्रिय पहिचान निर्माण गर्न मद्दत गरेको छ। यसले युद्ध र द्वन्द्व पनि निम्त्याएको छ। पहिलो र दोस्रो विश्वयुद्ध राष्ट्रवादकै कारण भएका थिए। अस्ट्रिया र हंगेरीमा भएको राजनीतिक तथा मिलिटरी संलग्नता (गुट) का कारण प्रथम विश्वयुद्ध भएको थियो। त्यसको मुख्य कारण युरोपियन मुलुकले गरेका उपनिवेशका अभ्यासको विरुद्ध पनि थियो। दोस्रो विश्वयुद्धमा अमेरिका र रुसका आआफ्ना राष्ट्रवादका रुचिका कारण थिए। अहिले पनि हेर्दा आजको विश्वमा राष्ट्रवादको भूमिका झन् जटिल बन्दै गएको छ। भूमण्डलीकरणले देशहरूलाई एकअर्कासँग जोडेको छ तर यसले राष्ट्रिय पहिचानलाई पनि चुनौती दिइराखेको छ। मानिसहरूले आफ्नो देशलाई बिर्सन थालेका छन्। विश्व राष्ट्रवादको अभ्यास हुन थालेको छ। आप्रवासन र बहुसंस्कृतिवादले राष्ट्रहरूको संरचना परिवर्तन गर्दै छन्। यस्ता अवस्थामा राष्ट्र र राष्ट्रवादको अर्थ र महत्वमाथि पुनर्विचार गर्नु आवश्यक छ। उक्त अवस्थालाई जोड्दै सञ्जीव उप्रेती (२०७८) लेख्छन्, "अहिले विश्वव्यापी संसारमा सबै राष्ट्रका आआफ्ना राष्ट्रिय सीमा छँदै छन्। हरेक राष्ट्रले अन्य राष्ट्रबाट आएकालाई आफ्नो राष्ट्रभित्र छिर्न दिने कि नदिने निर्णय गर्छन्।" छिर्न दिने वा नदिने त्यही अनुसार पद्धति अनुरूप निर्णय गर्छन्। त्यस्तो परिस्थितिमा नेपाल जस्तो सानो मुलुकका मानिसले राष्ट्रलाई अस्वीकार गर्दै साझा अन्तर्राष्ट्रियतातिर बढ्न खोजे नै पनि त्यस्तो प्रयत्नले कहीँ पुऱ्याउँछ जस्तो लाग्दैन। विश्वव्यापी राष्ट्रको कुरा गर्ने हो भने त्यस्तो भूमण्डलीय राष्ट्रका लागि अमेरिका, बेलायत तथा भारत जस्ता ठुला राष्ट्रले पहल गर्नुपर्ने हो तर तिनले विश्व

–बाँकी तीन पेजमा

### सप्तरीमा ...

बरामद भएको छ।'

इलाका प्रहरी कार्यालय लहानले पक्राउ गरेको अन्सारीको साथ ल्यापटप, कम्प्युटर स्क्यानर, खुकुरी र घडी दुई/दुई थान, १२ बोरको एकनाले हतियारमा लाग्ने कार्टिज २० राउण्ड, मोबाइल ५ थान, सिमकार्ड, स्पिकर र डिजिटल तराजु एक/एक थान बरामद भएको हो। पक्राउ परेका अन्सारीले कल्याणपुरस्थित बैंकको ५ सय मिटर पश्चिम झाडीमा लुकाएर राखेको १२ बोरको एकनाले हतियार पनि बरामद भएको एसपी खतिवडाले बताए।

*राष्ट्रवादको ...*

राष्ट्रियताका विषयमा भन्दा आफ्नै राष्ट्रियताका विषयमा बढी चनाखो बढाएको देखिन्छ। यस्तो अवस्थामा नेपाल, बंगलादेश, भुटान जस्ता मुलुकका लागि अन्तर्राष्ट्रिय बन्न खोज्नु, नेपालीपनलाई, यसको नामलाई, यसको साझा सम्पर्क भाषा, संस्कारलाई अनि समग्र मिश्रित संस्कृतिलाई स्वीकार्न छाड्नु आफैँलाई झुक्याउनु, ढाँट्नु र भिरको चिन्डो जस्तो बन्ने मार्ग बनाउनु हो।

**राष्ट्रवादमा सफल राष्ट्र**

कुनै पनि देश आफ्नो राष्ट्रवादमा कति सफल छ भनेर ठ्याक्कै भन्न गाह्रो छ। किनकि सफलतालाई नाप्ने कुनै निश्चित मापदण्ड छैन। केही यस्ता देशहरू छन्, जसलाई धेरैले आफ्नो राष्ट्रवादी नीतिमा सफल मान्छन्। फ्रान्सलाई राष्ट्रवादका विषयमा सफल राष्ट्र मानिन्छ। जहाँ राष्ट्रवादले लामो समयदेखि महत्त्वपूर्ण भूमिका खेलेको छ। फ्रान्सेली क्रान्तिले राष्ट्रवादको आधुनिक अवधारणालाई जन्म दियो र फ्रान्सले यसलाई विश्वभर फैलायो। फ्रान्सको बलियो राष्ट्रिय पहिचान छ, जुन भाषा, संस्कृति र इतिहासमा आधारित छ।

जापान पनि अर्को यस्तो देश हो, जहाँ राष्ट्रवादले महत्वपूर्ण भूमिका खेलेको छ। जापानको राष्ट्रवाद बलियो सांस्कृतिक पहिचान, परम्परा र इतिहासमा आधारित छ। जापानले आफ्नो राष्ट्रवादलाई आधुनिकीकरण र आर्थिक विकासका लागि प्रयोग गरेको छ। संयुक्त राज्य अमेरिका पनि राष्ट्रवादमा सफल मानिन्छ। अमेरिकाको राष्ट्रवाद स्वतन्त्रता, समानता र प्रजातन्त्र जस्ता मूल्यमान्यतामा आधारित छ। अमेरिकाले विभिन्न पृष्ठभूमिका मानिसलाई एकताबद्ध गर्न राष्ट्रवादको प्रयोग गरेको छ। त्यसको उदाहरणका रूपमा वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पको नारा र अभियानलाई लिन सकिन्छ। फेरि अमेरिका जुमुराउँछ भन्ने अभियानले अमेरिकाको राष्ट्रवाद प्रस्ट झल्किन्छ। ट्रम्पले मेक्सिकोतिर पर्खाल लगाउनु, भारतले पाकिस्तान, बंगलादेश, भुटान तथा उस्तै परे नेपाललाई पनि आफ्नो बाटोमा हिँडाउन खोज्नु, चीनले हङकङ, तिब्बत जस्ता प्रान्तमा दबदबा कायम राख्नु, इयुबाट बेलायत छुट्टिनु, गल्फ राष्ट्रहरूको साझा पहिचानमा एकता हुनु जस्ता घटना प्रस्ट छन्। अझै उत्तर कोरियाको शासक, शासकीय प्रणाली तथा त्यहाँको व्यवहार र अन्य देशसँगको सम्बन्धका विषयले राष्ट्रवादका विभिन्न आयामलाई संकेत गर्छन्।

यी त केही उदाहरण मात्र हुन्। राष्ट्रवाद विभिन्न देशमा फरक–फरक रूपमा प्रकट हुन्छ र यसको सफलता देशको इतिहास, संस्कृति र राजनीतिक प्रणालीमा निर्भर गर्छ।

**निष्कर्ष**

राष्ट्र र राष्ट्रवाद मानव इतिहासका दुई महत्वपूर्ण शक्ति हुन्। यिनीहरूले मानिसलाई एकताबद्ध गर्न र समाजलाई आकार दिन महत्वपूर्ण भूमिका खेलेका छन्। यिनीहरूलाई बुझ्नु र सही तरिकाले प्रयोग गर्नु आवश्यक छ। उग्र राष्ट्रवादले द्वन्द्व निम्त्याउन सक्छ, त्यसैले हामीले सधैँ सहिष्णुता र समझदारीलाई बढावा दिनु पर्छ।

आत्मपरक तत्वमा साझा इतिहास, सामूहिक स्मृति, बलिदान र सँगै बस्ने, बाँच्ने र सहकार्य गर्ने इच्छा पर्छन्। साझा इतिहासले मानिसलाई आफ्नो विगतप्रति गर्व गर्न र राष्ट्रिय गौरवको भावना जगाउन मद्दत गर्छ। सामूहिक स्मृतिले महत्त्वपूर्ण घटना र व्यक्तित्वलाई सम्झन्छ। बलिदानले राष्ट्रका लागि गरिएको त्यागलाई दर्शाउँछ। सँगै बस्ने इच्छाले वर्तमानमा एकताबद्ध भएर भविष्यमा पनि सँगै रहने चाहनालाई जनाउँछ। तसर्थ राष्ट्र एक जटिल र परिवर्तनशील अवधारणा हो। यो कुनै स्थिर वस्तु नभएर निरन्तर परिवर्तन भइरहने प्रक्रिया हो।

राष्ट्रवादले विश्वमा सकारात्मक र नकारात्मक दुवै खालका प्रभाव पारेको छ। यसले एकता र पहिचानको भावना जगाउँछ, द्वन्द्व र विभाजन पनि ल्याउन सक्छ। नेपालका सन्दर्भमा बहुसंस्कृतिमा आधारित राष्ट्रवादको अभ्यास नै सुहाउँछ। उक्त शैलीले सबै नागरिकलाई राष्ट्रप्रतिको अपनत्व बोध गराई साझा भावनाको जागृत गराउँछ। राष्ट्रमा सबैका लागि स्वीकार्य हुने नेपाली भाषा र यहाँका अन्य आदिम संस्कार तथा शैली एवं परम्परालाई राष्ट्रवादसँग जोडिएमा नेपालको राष्ट्रवाद पनि अमेरिकाको झैं एकैचोटि जर्‍याकजुरुक भई उठ्ने छ। भारतको पत्रकारिता झैं साझा स्वर भई जाग्ने छ। चीनको झैं योजनाबद्ध समृद्धिमा लाग्ने छ। जापानको जस्तो अन्तरसंस्कृति र श्रमको संवर्धन हुने छ। अनि सबै नेपालीमा साझा नेपालीत्वको भावना मुखरित हुने छ। गोपबाट

# सबै उद्योगलाई प्रशोधन उपकरण जडान गर्न लगाउनु पर्छ

**राजन पौडेल**

जलवायु परिवर्तनको प्रभाव, नदीजन्य पदार्थको दोहन लगायतका कारणले पानीका स्रोत मासिँदै गएका छन्। सिमरा, जितपुर, परवानीपुर लगायतका क्षेत्रमा केही वर्ष अघिसम्म नहरमार्फत सिँचाइको सुविधा थियो। अहिले सिँचाइको त्यस्तो सुविधा छैन। म निर्वाचित भएर आउँदै गर्दा जीतपुरसिमराभित्र कृषि सिँचाइका थुप्रै कुलो बन्द भइसकेको र मानिसहरू डिप बोरिङतिर आकर्षित भएको अवस्था थियो। पुराना सिँचाइ प्रणालीहरू मर्मत सम्भारको पर्खाइमा थिए। हामी आएपछि पुराना कृषि सिँचाइ प्रणालीहरूलाई पूर्ण रुपमा काम गर्न नसके पनि केही मर्मतसम्भार गरेर चलाउने काम गर्‍यौं।

उद्योग, कलकारखानाले निष्कासन गरेको रासायनिक पानीले गर्दा सिँचाइ प्रणालीसँग जोडिएका खोला, बाँध, पैनीहरूमा ठुलो समस्या सिर्जना भएको छ। जनताको नजिकको सरकार भएकाले यो विषयमा केही पनि गरेन भनेर हामीकहाँ व्यापक जनगुनासो पनि आइरहेका छन्। यो समस्या आज आएको होइन। यहाँ भएका अधिकांश उद्योगसँग प्रदूषित पानी प्रशोधन उपकरण ( ट्रिटमेन्ट प्लान्ट) छैन। उद्योगहरूले विभिन्न उत्पादनबाट निस्किएका रसायनयुक्त पानीलाई सिधै नदीमा बगाइदिने गरेका छन्। कुनै मापदण्ड पालना भएको छैन। उद्योग दर्ता, नवीकरणको काम उद्योग विभागले गर्छ। उद्योगहरूले २/२ वर्षमा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन बुझाउँछन्। विभागले उद्योगहरूको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अध्ययन नगरी नवीकरण गर्दा धेरै समस्या सिर्जना भएका छन्। यी समस्या नियन्त्रण हुनुभन्दा पनि बढ्ने काम भइरहेको छ।

उद्योग विभागले कानुन अनुसार पालना गर्नुपर्ने मापदण्ड उद्योगहरूलाई कडाइका साथ पालना गर्न लगाउनु पर्‍यो। त्यसो गर्न सके पनि केही कुरा नियन्त्रण गर्न सकिन्थ्यो। हामीले आइई प्रतिवेदन पास गर्नुभन्दा पहिला त्यसलाई अध्ययन गर्ने, त्यो उचित छ कि छैन भनेर विचार गर्ने हो भने एक हदसम्म यो समस्या नियन्त्रण गर्न सकिन्थ्यो। उद्योगहरूले पहिलादेखि नै रसायनयुक्त पानी सिधै खोलामा मिसाउँथे। त्यतिबेला उद्योगको संख्या कम थिए। अहिले उद्योगको संख्या बढ्यो। यो विषयमा स्थानीयहरू पनि चनाखो भए। त्यसैले अहिले यस्ता समस्या सतहमा आएका छन्।

हामी केटाकेटीमा भैँसी चराउन जाँदा गाईभैँसी आहाल बसेपछि छाला खुइलिने, घाउ खटिरा आउने हुन्थ्यो। त्यतिबेला जनता सचेत थिएनन्। सुरुमा उद्योग, कलकारखानाहरू आउनु नै उत्सवजस्तो थियो। उद्योग, कलकारखानाले रोजगारी ल्याउँथ्यो, शहरीकरण र बजार विकासमा पनि योगदान गर्थ्यो। त्यतिबेला उद्योग स्थापना गर्दा फोहर व्यवस्थापन लगायतका मापदण्ड थिए। तर लगानी आउनु नै ठुलो ठानेर सरकार पनि लचिलो भएको देखिन्छ। समयमै यी कुराहरू सोचेर व्यवस्थापन नगर्दा अहिले धेरै समस्या आए। कहिले कम, कहिले बढीमात्रै हो। समस्या पहिला पनि थिए, अहिले पनि छन्। बर्खा लागेपछि भलबाढी आउँछ। केही समयका लागि समस्या समाधान भएजस्तो देखिन्छ। बर्खा सकिएपछि फेरि उस्तै समस्या देखा पर्छ।

उद्योगहरूले निष्कासन गरेको रासायनिक तरल पदार्थको विषयमा हामीले धेरै उद्योगलाई पत्र पनि काटेका छौँ। हाम्रा पुराना सिँचाइ प्रणालीहरू खोला, कुलो, नदीमा उद्योगको रासायनिक लेदो पानी बग्न थालेपछि उपमहानगरले उद्योगलाई पत्राचार गर्ने, मौखिक हिसाबले भन्ने, कार्यपालिकाको तर्फबाट अनुगमनमा पनि पठाउने, वातावरण शाखालाई सक्रिय बनाउने काम गरेका छौँ। यद्यपि हामीले गरेका यी काम पर्याप्त र परिणाममुखी भएनन्। यसलाई परिणाममा पुर्‍याउन हामीले सकेनौँ। यहाँको वातावरण प्रदूषणको विषयमा संघीय सांसदहरूको टोली पनि २ पटक आइसक्यो, हेरिसक्यो। हामीले दिनुपर्ने सुझावहरू दिएका छौँ, तर त्यसले पनि खासै परिणाम दिन सकेन।

हामीले चिठी काटेपछि केही उद्योगले एक महिनाभित्र प्रदूषित पानी प्रशोधन उपकरण जडान गर्छौं भने, तर अहिलेसम्म राखेका छैनन्। अब के गर्ने ? हामीले उद्योगको लाइसेन्स खारेज गर्न सक्दैनौँ। ट्रिटमेन्ट प्लान्ट जडान नगरेसम्म उत्पादन नै रोक्नुस् है भनेर भन्न र कार्यान्वयन गर्न पनि सक्दैनौँ। यो विषय भनेको स्थानीय तहको अधिकार क्षेत्रको होइन। यसमा संघीय सरकारले हस्तक्षेप गर्नुपर्‍यो। यो विषय संघीय सरकारकै अधिकार क्षेत्रमा पर्छ। हामी बरु संघीय सरकारलाई आवश्यक सहयोग गर्न तयार छौँ। उद्योगले निष्कासन गरेको रसायनयुक्त पानीले हाम्रो क्षेत्रमा पशु चौपायहरूमा ठुलो क्षति भएको छ। पुराना छठ घाटहरू मासिएका छन्। दाहसंस्कार गर्ने ठाउँको अभाव छ। सिमसार क्षेत्रहरूलाई असर पारेको छ। जलचर प्राणीहरू मासिएका छन्।

यसले हाम्रो सिँचाइ प्रणालीमा पनि ठुलो समस्या पारेको छ। किसानहरूले दूषित पानी खेतमा लगाउन सकेका छैनन्, नलगाउँ भने विकल्प अरु छैन। धेरै स्थानीयले समस्या भयो, समाधान गरिदिनुपर्‍यो भनेर गुनासो राख्नुभएको छ। हामीले उहाँहरूको गुनासो सम्बोधन गर्न सकेका छैनौँ। हामीले सिर्सिया बाँध नजिकै जीतपुरसिमरा–२३ का किसानहरूको लागि ठुलो लगानीमा सिँचाइ प्रणाली बनायौँ। त्यसबाट किसानहरूले लाभ लिन सकेका छैनन्। उद्योगले उत्सर्जन गरेको रसायनयुक्त पानीले कृषि उत्पादनमा पनि ठुलो असर पारेको छ। यसले बिस्तारै हाम्रो उर्वर भूमिलाई मरुभूमिकरण गर्दैछ।

स्थानीय तहसँग आधुनिक उपकरण छैनन्। हामीले त आँखाले मात्रै हेर्ने हो। वातावरणीय मापदण्ड नियमन गर्ने मुख्य उत्तरदायित्व संघीय सरकारको हो। धेरै कलकारखाना भएको क्षेत्रमा धेरै वटा नियमन गर्ने निकाय हुँदा कारखानाहरूसँग डिल गर्न पनि समस्या हुने र औद्योगिक वातावरण पनि बिग्रने हुन्छ। त्यसैले स्थानीय, प्रदेश र संघीय सरकार एकैठाउँमा जोडिने, कम्पनि रजिष्ट्रारका कुरा, व्यवसाय दर्ता, नवीकरण कुरा सबै एकै ठाउँबाट सहज ढंगले हेर्न मिल्ने, वातावरण मापदण्ड उल्लंघन गरे नियमन गर्न सक्ने, दण्ड–सजाय गर्न सक्ने खालको संरचना निर्माण गर्नुपर्दछ।

# धनुषा एमालेमा महासेठ पक्षका यादव प्यानलसहित निर्वाचित

जनकपुर, ९ जेठ। नेकपा एमाले धनुषा जिल्ला कमिटीको ८ औँ अधिवेशनबाट भोला यादव नेतृत्वको प्यानल विजयी भएको छ। अध्यक्ष पदमा यादव २०२ मत अन्तरले विजयी भए। उनी ४०२ मतसहित विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी लक्ष्मीनारायण यादवले २ सय मत प्राप्त गरे। भोला रघुवीर महासेठ निकट हुन् भने लक्ष्मीनारायण केन्द्रीय सदस्य उमाशंकर अरगरिया र सभामुख रामचन्द्र मण्डल निकट मानिन्छन्। उपाध्यक्ष पदमा पदमा तेजनारायण यादव ४३० मत ल्याएर विजयी भएका छन्। उनका निकटतम प्रतिद्विन्दी जयप्रकाश सुनरैतले १६० मत पाए।


यस्तै सचिव पदमा दीपनारायण ठाकुरले ३६५ मत ल्याएर विजयी भए। उनका निकटतम प्रतिद्वन्द्वी धिरेन्द्र मण्डलले २२५ मत प्राप्त गरे। उपसचिव पदमा सबिन विक्रम थापा र रुका कुमारी मिश्र तथा लेखा समिति संयोजक पदमा वीरेन्द्रलाल कर्ण विजयी भए। गत वैशाख २० गते नै जिल्ला अधिवेशनको एमालेका केन्द्रीय उपाध्यक्ष ईश्वर पोखरेलले उदघाटन गरेका थिए। २२ गते राति निर्वाचनका लागि मनोनयन दर्ता भएको थियो। तर उम्मेदवारको आन्तिम नामावली प्रकाशनलाई लिएर विवाद भएको थियो। त्यस क्रममा वैशाख २३ गते दिनभर दुईपक्षबीच तनाव र पटक–पटक झडप तथा कुटाकुट भएको थियो। झडपमा पाँचजना घाइते भएका थिए। त्यसपछि मतदान स्थगित भएको थियो। तर बुधबार बुधबार मतदान भएको थियो। धनुषा जिल्लाको १३५ सदस्य कार्यसमिति चयनका लागि ६२८ जना प्रतिनिधिले भाग लिएका थिए।

# ब्रेकफास्टमा यी खानेकुरा खानुपर्छ, शरीरमा दिनभरि ऊर्जा रहनेछ

काठमाडौं, ९ जेठ। गर्मीमा थकान महसुस हुनु, चक्कर लाग्नु, अल्छी लाग्नु र ऊर्जाको कमी हुनु सामान्य कुरा हो। गर्मीमा तापक्रम बढी हुँदा शरीरबाट धेरै पसिना आउँछ, जसले गर्दा शरीरमा पानीको कमी हुन्छ। त्यसैले, सबैभन्दा पहिले यो मौसममा प्रशस्त पानी पिउनुपर्छ। ब्रेकफास्टमा शरीरलाई स्वस्थ राख्नुका साथै दिनभर ऊर्जावान दिने खाने कुरा खानुपर्छ।

**अण्डा**

ब्रेकफास्टको लागि उत्कृष्ट विकल्प अण्डा हो। अमेरिकी वेबसाइट हेल्थलाइनको रिपोर्ट अनुसार एउटा अण्डामा लगभग ७५ क्यालोरी, लगभग ६ ग्राम प्रोटिन र लगभग ५ ग्राम स्वस्थ बोसो हुन्छ। अण्डा एकदमै स्वस्थकर ब्रेकफास्टको लागि एक उत्तम विकल्प हो। अण्डा धेरै पोषक तत्वहरूले भरिपूर्ण हुन्छ त्यसैले यसलाई सादा उमालेर खान सक्नुहुन्छ। यसबाहेक यसलाई तरकारीमा मिसाएर आमलेट बनाउन पनि सकिन्छ।



**ओटमिल**

ओट प्रोटिन र कार्बोहाइड्रेटको राम्रो स्रोत हो। यसले शरीरलाई शक्ति दिन्छ। ओटमिलले फाइबर पनि प्रदान गर्दछ। यसले लामो समयसम्म पेट भरिपूर्ण राख्छ र दिनभरि ऊर्जा प्रदान गर्दछ।

**फलफूल**

बिहानको ब्रेकफास्टमा फलफूल अवश्य समावेश गर्नुपर्छ। तर, खाली पेटमा फलफूल खानु हुँदैन। स्वस्थकर केही खाएपछिफलफूल ब्रेकफास्टमा खान सक्नुहुन्छ। यसको सेवनले शरीरलाई पर्याप्त र तुरुन्तै ऊर्जा प्राप्त हुन्छ। केरा, स्याउ, सुन्तला, किवी, जामुन र एभोकाडो जस्ता सबै फलफूलले शरीरलाई ऊर्जावान राख्न मद्दत गर्नेछ र तौल पनि नियन्त्रणमा राख्नेछ।

*मधेश सरकारमा...*

मुख्यमन्त्री सतिशकुमार सिंहको नेतृत्वमा मधेश सरकारको मन्त्रिपरिषद् पुनर्गठन भएको हो। नयाँ मन्त्रिपरिषदमा अब १२ सदस्यीय मन्त्रीहरू रहेका छन्।

कुशवाहाले यसअघि पनि प्रदेश सरकारमा कृषिमन्त्रीका रूपमा कार्यानुभव हासिल गरिसक्नुभएको छ भने यादव पहिले राज्यमन्त्रीको भूमिकामा रहेर सरकार सञ्चालनमा संलग्न हुन। यसअघि पनि दुवै मन्त्रालय जनमत पार्टीबाटै रहेको थियो। पार्टीले उद्योग तथा पर्यटनमन्त्री सकिलमियाँ अन्सारी र वन तथा वातावरणमन्त्री त्रिभुवन साहलाई फिर्ता बोलाएर नयाँ पठाएको हो।

# पिएसबी नेपाल र प्रदेश सरकारबिच सम्झौता

जनकपुर, ९ जेठ। सार्वजनिक सेवा प्रसारण (पिएसबी) नेपाल र मधेश प्रदेश सरकारबिच जनकपुरधामस्थित मधेश सरकारको मधेश भवनमा रेडियो नेपाल तथा नेपाल टेलिभिजनको मधेश ब्युरो कार्यालय सञ्चालन गर्न भवन उपलब्ध गराउनेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। प्रदेश सरकारले प्रयोग गर्दै आएको कभर्ड हलसँगैको चार कोठामा पिएसबीको स्टुडियोसहितको संरचना निर्माण गरेर यसै ठाउँबाट विभिन्न प्रकारका प्रसारण सामग्रीको उत्पादन गरी रेडियो नेपालको प्रादेशिक प्रसारण कार्यालय बर्दीबास तथा नेपाल टेलिभिजनको इटहरी प्रसारण केन्द्रबाट प्रसारण गरिने गरी सम्झौता भएको हो।

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह, मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी र सार्वजनिक सेवा प्रसारण नेपालका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टको उपस्थितिमा दुईपक्षीय सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सम्झौतापत्रमा मधेश प्रदेश सरकारका तर्फबाट गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमलप्रसाद बराल तथा सार्वजनिक सेवा प्रसारण नेपालका तर्फबाट रेडियो नेपाल मधेश प्रदेश बर्दीबास कार्यालयका प्रमुख रामपुकार रामले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो।

सम्झौतापछि अबका दिनमा मधेश प्रदेश सरकारका सम्पूर्ण गतिविधिबारे समाचार, कार्यक्रमसहितका अन्य सामग्रीको उत्पादन यसै ठाउँबाट हुनुका साथै रेडियो नेपाल र नेपाल टेलिभिजनको प्रादेशिक प्रसारणका अतिरिक्त केन्द्रीय प्रसारणमा प्रभावकारी सम्प्रेषण मधेश भवनबाटै हुने छ। कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सार्वजनिक सेवा प्रसारण नेपाल अन्तर्गतको रेडियो नेपाल तथा नेपाल टेलिभिजनको स्टुडियोसहितको मधेश ब्युरो कार्यालय मधेश भवनबाट सञ्चालन हुनु गर्वको विषय भएको बताउँदै यस संस्थाले सरकार र जनताबिचको पुलको काम गर्ने विश्वास व्यक्त गर्नुभयो। प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले मधेश प्रदेश सरकारको सानो सहयोगले नेपालमा इतिहास बोकेको रेडियो नेपाल तथा नेपाल टेलिभिजनको ब्युरो कार्यालय स्थापना भएकाले यसबाट मधेशका जनताको चाहना र इच्छा सार्वजनिक सेवाबाट मुखरित हुने धारणा व्यक्त गर्नुभयो।

सार्वजनिक प्रसारण सेवा नेपालका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टले मधेश प्रदेशमा पिएसबीको भौतिक उपस्थितिले यस प्रदेशका गतिविधि अझ बढी जनता माझ प्रवाहित हुने बताउनुभयो।

# दुई घण्टादेखि पूर्व पश्चिम राजमार्गमा चक्काजाम




जनार्जन खत्री

सर्लाही, ९ जेठ। पूर्व पश्चिम राजमार्गस्थित सर्लाहीको लालबन्दी नगरपालिका–१७ रानिगन्जका स्थानीयले दुई घण्टादेखि पूर्व पश्चिम राजमार्ग ठप्प पारिरहेका छन्। गएको सोमबार रानिगन्जको घिमिरे चोकमा बसले म्याजिकलाई ठक्कर दिँदा मृत्यु भएकी स्थानीय २२ वर्षीया सोना पन्तको परिवारलाई यातायात व्यवसायीले उचित राहत रकम प्रदान गर्नुपर्ने माग राख्दै स्थानीयले शुक्रबार दिउँसो पौने–२ बजेदेखि राजमार्गमा चक्काजाम गरिरहेका हुन्। चक्काजामका कारण पूर्व पश्चिम राजमार्गमा सवारी साधनको लामो जाम लागेको छ। प्रहरी पुगेर आन्दोलित स्थानीयलाई दुई घण्टादेखि नै सम्झाइबुझाई गरे पनि चक्काजाम भने खुल्न सकेको छैन्। सोमबार अपरान्ह रानिगन्जको घिमिरे चोकमा पूर्व पश्चिम राजमार्ग विस्तार गर्न डाइभर्सन बनाएको ठाउँमा यात्रु ओरालेर भाडा उठाइरहेका बेला ना. १ ज २६४५ नम्वरको म्याजिकलाई विराटनगरबाट सर्लाही सदरमुकाम मलंगवाका लागि छुटेको ना. ६ ख ७२२७ नम्वरको बसले ठक्कर दिँदा ओर्लन लाग्दै गरेकी युवती पन्तको मृत्यु भएको थियो।

स्थानीय वासिन्दाले शुक्रबार पन्तको मृत्यु भएको स्थानमै भेला भएर "हामीलाई न्याय देऊ" लेखिएको ब्यानरसहित चक्काजाम गरिरहेका हुन्। मृत्यु भएको चार दिन भइसक्दा समेत पन्तको शव प्रादेशिक अस्पताल मलंगवामा नै रहेको छ। मृतकको परिवारले बस व्यवसायीसँग उचित राहत रकमको माग गर्दै पन्तको शव बुझ्न अस्वीकार गरिरहेका छन्। दुर्घटनामा पन्तको मृत्यु र म्याजिकमा सवार अन्य नौ जना यात्रु घाइते भएका थिए। घाइते अधिकांश डिस्चार्ज भएर घर गइसकेका छन्। प्रहरीले दुर्घटनामा परेको बस र म्याजिक तथा त्यसका चालकलाई नियन्त्रणमा लिएर कानुनी कारवाही प्रक्रिया अघि बढाएको जनाएको छ।

# कांग्रेसमा भ्रातृ संस्थाका तदर्थ समिति भंग गर्ने–नगर्ने अन्योल

## सभापति शेरबहादुर देउवा अलमलमा, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा भंग गर्ने पक्षमा

काठमाडौं, ९ जेठ। नेपाली कांग्रेसमा भ्रातृ संस्थाका तदर्थ समिति भंग गर्ने कि समयावधि थप्नेमा मतान्तर देखिएको छ। दुईथरी विचार आएपछि कांग्रेसले महाधिवशेन गर्न नसकेका भ्रातृ संस्थाहरूबारे निर्णय लिन सकेको छैन। कांग्रेस नेताहरूका अनुसार सभापति शेरबहादुर देउवा तदर्थ समिति भंग गर्ने वा निरन्तरता दिनेमा अलमल देखिन्छन्। गत साता सभापति देउवालाई भेटेका एक पदाधिकारीले अनलाइनखबरसँग भने, 'सभापतिमा अलमल देखिन्छ। भंग गरेर फेरि नयाँ बनाउन समय लाग्ने र समूह–समूह मिलाउनुपर्ने हुँदा केही समय यसैलाई थप्नुपर्छ भन्ने सोच हो कि जस्तो पनि देखिन्छ।'

शीर्ष तहका अधिकांश नेताहरू भ्रातृ संस्थाको तदर्थ समिति भंग गर्ने पक्षमा देखिएका छन्। दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा महाधिवेशन गराउन नसकेका तदर्थ समिति भंग गर्ने पक्षमा रहेको उनीहरू निकट एक नेताले जानकारी दिए। ती नेताले भने, 'समय थपे पनि महाधिवशेन गर्ने विश्वस्त आधार छैन। उहाँहरू दुईजना नै भंग गर्ने पक्षमा देखिनुहुन्छ।' संस्थापनइतरका नेता डा. शेखर कोइरालाले ६ महिनाभित्र महाधिवेशन गर्ने कार्यादेश सहित भ्रातृ संस्थामा सानो आकारको समिति बनाउन उपयुक्त हुने धारणा राखेका छन्। महाधिवशेन गराउने कार्यादेश दिएर १२/१५ जनाको समिति बनाउन उपयुक्त हने कोइरालाको विचार छ। उक्त समिति पार्टीभित्रका समूहको भागबण्डामा आधारित हुन नहुने बताएका छन्।

भ्रातृ संस्थाको महाधिवेशन गराउन पार्टीबाट समन्वय गर्ने गरी निर्देशक समिति बनाइएको थियो। केन्द्रीय नेताहरू सम्मिलित भएर निर्देशक समिति गठन गरिए पनि भ्रातृ संस्थाले महाधिवेशन भने गर्न सकेनन्। निर्देशक समिति र भ्रातृ संस्थाका अध्यक्षलाई महाधिवेशन हुनसक्ने/नसक्ने अवस्था लगायतको जानकारी पठाउन पार्टीले निर्देशन दिएको थियो। किसान संघ, थारू संघ लगायतले प्रतिवेदन बुझाएका थिए। महाधिवशेनको प्रक्रिया वा हुन नसक्नुको कारण उल्लेख गरेर अधिकांशले प्रतिवेदन समेत पेस नगरेको कांग्रेस केन्द्रीय कार्यालय स्रोतले जानकारी गराएको छ। गत चैतको मसान्तसम्म निर्वाचित कार्यसमिति ल्याउन पार्टीले भ्रातृ संस्थाहरूलाई निर्देशन दिएको थियो। त्यस अवधिमा प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी संघ, तरुण दल, महिला संघले महाधिवेशन गर्न सकेनन्।

चैत मसान्तभित्र तोकिएको अवधिमा लोकतान्त्रिक आदिवासी जनजाति महासंघ, लोकतान्त्रिक अपाङ संघ, भूतपूर्व सैनिक संघ, प्रजातान्त्रिक सेनानी संघ र मुस्लिम संघले अधिवेशन गरेर नयाँ नेतृत्व चयन गरेका छन्। लोकतान्त्रिक आदिवासी जनजाति महासंघमा ओमबहादुर घर्तीमगर, लोकतान्त्रिक अपाङ्‌रुग संघमा माधव चम्लागाईं, भूतपूर्व सैनिक संघमा गर्जबहादुर गुरुङ, प्रजातान्त्रिक सेनानी संघमा बालकृष्ण दाहाल र मुस्लिम संघमा अताबुल मन्सुरीको नेतृत्वमा नयाँ कार्यसमिति बनेको छ। लोकतान्त्रिक आदिवासी जनजाति महासंघ र लोकतान्त्रिक अपाङ्‌रुग संघले पहिलोपटक महाधिवेशन गरेका हुन्। मगर संघले ३० र ३१ साउनमा महाधिवेशन गर्ने गरी समय तोकेको छ।

नेविसंघमा दुजाङ शेर्पा, तरुण दलका विद्वान गुरुङ, महिला संघमा उषा राउत मिश्र, किसान महासंघमा गणेश तिमिल्सिना र दलित संघमा लोकबहादुर विश्वकर्मा तदर्थ समितिका सभापति छन्। नेविसंघ ७५२, तरुण दल ४०१, महिला संघ ५३, किसान महासंघ ४६ सदस्यीय तदर्थ समिति छन्।


## डिभिजन वन कार्यालय सिरहा लहानको अनुरोध

१. वन क्षेत्रको संरक्षण गरौ, वातावरण र विकास बिच सन्तुलन कायम गरौ।
२. कृषि वनलाई प्रर्वद्धन गरौ, भूमिको उत्पादकत्व वृद्धि गरी आर्थिक, सामाजिक तथा पर्यावरणीय समुन्नति कायम गरौ।
३. वनमा आगलागी हुन नदिऔ।
४. मानव वन्यजन्तु सह अस्तित्व कायम गरौ।
५. सामुदायिक वनको सक्रीय व्यवस्थापन गरौ, वन पैदावारमा आत्मनिर्भर बनौ।
६. वन र वन्यजन्तुको अवैध संकलन तथा ओसारपोसार नियन्त्रण गरौ, वन अपराधजन्य

**गैह कानूनी कार्यहरुलाई निरुत्साहित गरौ।**

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय सिरहा**
लहान




कर्जन्हा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्जन्हा, सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)